**छेडागाड नगरपालिकाको तेस्रो बजेट अधिवेशनमा  बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम उप-प्रमुख श्री सरिता वलीबाट प्रस्तुत बजेट वक्तव्य**

तेस्रो बजेट अधिवेशनका तथा छैठौ नगर सभाका सभाअध्यक्ष महोदय ,
सभामा उपस्थित, माननीय प्रदेशसभा सदस्य ज्यू,
नगरसभाका सदस्यज्यूहरु
सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु,
विभिन्न संचारकर्मी एवं पत्रकारज्यूहरु,
नगरपालिका स्थित सुरक्षा कर्मीहरु,
नागरिक समाजका प्रतिनिधि, तथा
बिभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रमुख एवं प्रतिनिधीज्यूहरु,

बिभिन्न क्षेत्रमा कार्यरत समाजसेवी,बुद्धिजीवी, शिक्षक, पत्रकार, उद्योगी, व्यापारी, जेष्ठ नागरिक, नागरिक समाज,यूवा, बालबालिका, दलित तथा अल्पसंख्यक,एकल महिला,शहिद परिवारका सदस्यहरु,फरक क्षमता भएका व्यक्तित्वहरु, बालबालिका, कर्मचारी, सुरक्षाकर्मी, एवं यस गरिमामय नगरअधिवेशनमा उपस्थित सम्पूर्ण आदरणीय छेडागाड वासी आमाबुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको यसनगरपालिकाको तेस्रो बजेटअधिवेशनको अवसरमा सर्वप्रथम देश र जनताको हितका लागि आफ्नो अमूल्य जीवन आहूती दिनुहुने सम्पूर्ण ज्ञात, अज्ञात वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शहिदका परिवारहरुप्रति हार्दिक संवेदना तथा सम्मान प्रकट गर्दछु ।साथै सम्पूर्ण घाइते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।  यस नगरपालिकाको परिकल्पना, विकास निर्माण र उत्थानमा महत्वपूर्ण भूमिका खेल्नुहुनेविभिन्न क्षेत्रका महानुभावहरुको योगदानको उच्च कदर गर्न चाहन्छु ।

यस नगरपालिकाकोआ.व. २०७६/०७७ को लागि तेस्रो बजेटअधिवेशनको समुदघाट्न समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुनेसभामा उपस्थित, माननीय प्रदेश सभा सदस्य ज्यू,नगर सभा सदस्य ज्यूहरु मा छेडागाड नगरपालिका  र मेरो व्यक्तिगत तर्फबाट  हार्दिक स्वागत तथा अभिवादन गर्न चाहन्छु ।
नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।११।२२ को निर्णयानुसार साविकका कार्कीगाउँ, झाप्रा, साल्मा, दशेरा, सुवानाउली र पजारु (वडा नं. ३ देखि ९ सम्म) गा.वि.स.हरु समाहित भई छेडागाड नगरपालिका गठन भएको छ । पूर्वमा भेरी नगरपालिका, पश्चिममा सुर्खेत र दैलेख जिल्ला, दक्षिणमा सुर्खेत र सल्यान जिल्ला र उत्तरमा जुनीचाँदे गाउँपालिकाको बीचमा अवस्थित यस नगरपालिकाको कुल जनसंख्या ३५,२९५ जना रहेको छ । १३ वटा वडामा विभाजित यस नगरपालिकाको कूल क्षेत्रफल २८४.२० वर्ग कि.मि. रहेको छ । यस नगरपालिकाको दशेरामा एक वटा स्नातक तहसम्मको पठनपाठन हुने क्याम्पस पनि रहेको छ । छेडागाड, सरुगाड, सुवागाड जस्ता नदिनालाहरु भएको साथै कृषि उद्योग, जलश्रोत र खानीको प्रचुर सम्भावना बोकेको नगरपालिका भएको हुनाले पनि प्राकृतिक सम्पदाको धनी मानिन्छ ।

**सभाध्यक्ष महोदय**

यस नगरपाालिकाको आ.व.०७६।०७७ को योजना छनौट गर्दा सहभागितामूलक योजना तर्जुमा प्रक्रियाको अवलम्बन गरिएको छ । उपलब्ध श्रोत साधनको कमी र जनताका मागहरु अत्यधिक हुने भएकोले निश्चित मापदण्डका आधारमा योजनाहरु प्राथमिकीकरण गरी छनौट गर्नुपर्ने हाम्रो चुनौती जस्तै बनेको छ ।यस नगरपालिकाले आगामी आ.व. को योजना तर्जुमा गर्दा तपसिलका प्राथमिकीकरण आधारहरु तयार गरेको छु ।

**सभाध्यक्ष महोदय अव योजना प्राथमिकीकरणका आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु :**

- गरिवी न्यूनीकरण, रोजगारी श्रृजना र आयआर्जन बृद्धिमा प्रत्यक्ष योगदान पुर्‍याउने ।,
- क्रमागत, उत्पादनमूलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाको हकमा ३ वर्ष भित्र पुरा हुने),
- आन्तरीक राजस्व बृद्धि र परिचालनमा योगदान पुर्‍याउने ।
- स्थानीय श्रोत, साधन, श्रम र सीप र प्रविधिमा आधारित,
- लैंगिक मैत्री तथा समावेशिता प्रवर्द्धनमा प्रत्यक्ष सहयोग पुर्‍याउने आयोजना तथा कार्यक्रमहरु
- स्थान विशेषको संस्कृती र पहिचान प्रवर्द्धन गर्ने,
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्‍याउने,
- बजारमा पहुँच बृद्धि गर्न सघाउ पुर्‍याउने आयोजनाहरु
- कम लागतमा बढी लाभ लिन सकिने आयोजनाहरु
- विपन्न वर्ग र क्षेत्रका बासिन्दाहरुलाई प्रत्यक्ष फाईदा पुग्ने खालका आयोजनाहरु
- वातावरण मैत्री एवं जलवायू परिवर्तन अनुकूलन मैत्री आयोजनाहरु
- लागत साझेदारी र जनसहभागिता जुट्ने आयोजनाहरु
- क्षेत्रिय सन्तुलन कायम गर्न सहयोग गर्ने आयोजनाहरु

**“समुन्नत छेडागाड नगरपालिका र सुखी छेडागाड बासी”** भन्ने मुल नाराका साथ म यहाँहरु समक्ष चालु आ.व. ०७५।०७६ को हालसम्मको कार्यक्रम कार्यान्वयनको समीक्षा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**चालु आ व २०७५।०७६ को यथार्थ आय विवरण यस प्रकार छ ।**

वित्तीय समानीकरण अनुदान संघ रु ११३००००००(एघार करोड तीस लाख)

राजश्व बाडँफाड रु ६६१००८३४.१९ (छ करोड एकसठी लाख आठ सय चौत्तिस रुपैया उन्नाइस पैसा)

आन्तरिक आम्दानी रु. २१,३५,९१३ (एक्काईस लाख पैतिस हजार नौ सय तेह्र)

गत वर्षको मौज्दात समेत : ७,२८,६२,४३१ (सात करोड अट्ठाईस लाख बैसट्ठी हजार चार सय एकतिस) गरी

**जम्मा : २५,४०,९८,१७८। (पच्चीस करोड चालिस लाख अन्ठानब्बे हजार एकसय अठहत्तर) रहेको छ ।**

चालु आ.व. २०७५।०७६ मा संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ रु २२,८८,६३,००० (बाइस करोड अठासी लाख त्रीसठी हजार ) भएको छ जसमध्ये हालसम्म चालु तर्फ रु १३,६०,८९,४३३ (तेह्र करोड साठी लाख उनानब्बे हजार चार सय तेत्तीस ) र पुजीगत तर्फ रु. ९,६०,००० (नौ लाख साठी हजार) गरी ५९.८८ प्रतिशत खर्च भएको छ । साथै वित्तीय समानीकरण, राजश्व बाँडफाँड, गत आ व को नगद मौज्दात र आन्तरिक आम्दानी तर्फ रु २९२३८५४३१(उनन्तीस करोड तेइस लाख पचासी हजार चार सय एकत्तिस) प्राप्त भएकोमा चालु तर्फ रु ७७१६५९२६ (सात करोड एकत्तर लाख पैसठी हजार नौ सय छब्बीस ) र पुजीगँत तर्फ रु ६१२६३८१७ (छ करोड बाह्र लाख त्तीसठी हजार आठ सय सत्र) गरी जम्मा

१३८४२९७४३ (तेह्र करोड चौरासी लाख उनन्तीस हजार सात सय त्रीचालीस) खर्च (वित्तीय प्रगति) भएको छ ।

**सभाध्यक्ष महोदय चालु आ व ०७५।०७६ मा क्षेत्रगत बजेटको विनियोजन र खर्चको अवस्था बारे जानकारी प्रस्तुती गर्न अनुमति चाहन्छु ।**

**पुर्वाधार विकासतर्फ** : रु ७१४१४१९१ (सात करोड चौध लाख चौध हजार एक सय एकानब्बे ) विनियोजन भएकोमा रु २६०६२१३८(दुइ करोड साठी लाख बैसठी हजार अर्तिस) खर्च भएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन तर्फ** : रु १७७३३२२(सत्र लाख त्रित्तर हजार तीन सय बाइस) विनियोजन भएकोमा रु ५२५८८९ (पाचँ लाख पच्चीस हजार आठ सय उनानब्बे) खर्च भएको छ ।

साथै **संस्थागत विकास तथा सेवा प्रवाह** तर्फ रु ५१९५००० (एकाउन्न लाख पन्चानब्बे हजार) विनियोजन भएकोमा रु १०७१९५२(दश लाख एकत्तर हजार नौ सय बाउन्न) खर्च भइसकेको छ ।

**वित्तिय व्यवस्थापन तथा सुशासन** तर्फ रु ७०००००(सात लाख) विनियोजन भएकोमा यसमा कुनै पनि रकम खर्च भएको छैन ।

सभाध्यक्ष महोदय,
यसैगरी **सामाजिक विकास** तर्फ रु ९९३८९४००(नौ करोड त्रिरानब्बे लाख उनानब्बे हजार चार सय ) विनियोजन भएकोमा रु ४५०६३२७५(चार करोड पचास लाख त्रिसठी हजार दुइ सय पचहत्तर) खर्च भएको जानकारी गराउदछु ।

साथै **आर्थिक विकास** तर्फ रु १३३१९५१८(एक करोड तेत्तिस लाख उन्नाइस हजार पाँच सय अठार) विनियोजन गरेकोमा रु७८८२००३ (अठत्तर लाख बयासी हजार तीन) खर्च भएको छ ।
यसै गरी **कार्यालय संचालन तथा प्रशासनिक खर्च** तर्फ रु १००५९४०००(दश करोड पाचँ लाख चौरानब्बे हजार) विनियोजन भएकोमा रु ५७८२४४८६(पाचँ करोड अठत्तर लाख चौविस हजार चार सय छयासी ) खर्च प्रगति भएको छ ।

**आगामी आ.व. ०७६।७७ को बजेटको सोंच(VISION) :**
आत्मनिर्भर, समृद्ध र समुन्नत छेडागाड नगरपालिका र सुखी छेडागाड बासी रहेको छ ।

**लक्ष्य :**
उपलब्ध श्रोत साधनको उचित उपयोग, व्यवसायिक उत्पादन र न्यायोचित वितरण मार्फत आत्मनिर्भर, समृद्ध र समुन्नत छेडागाड नगरपालिका बनाउन आवश्यक निती अवलम्वन गरेको छु ।

**उद्देश्य :**
- छेडागाड नगरपालिकामा उपलब्ध श्रोत साधन तथा मानवीय साधनको उचित उपयोग मार्फत व्यवसायिक उत्पादनमा बृद्धि गरी उपलब्ध अवसरको न्यायोचित वितरण गर्दै नगरबासीहरुको जीवनस्तरमा सुधार गर्ने ।
- नगरपालिकाको सेवा प्रवाहमा नागरीकको पहुँच तथा अपनत्व अभिबृद्धि गर्ने ।

**सभाध्यक्ष महोदय आ.व. २०७६।०७७ को बजेटका अपेक्षित उपलब्धी प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

- आर्थिक तथा सामाजिक असमानता र विभेद अन्त्य गर्दै आत्मनिर्भर नगरपालिका स्थापनामा सहयोग पुग्नेछ ।
- सहज जीवनयापन र समुन्नत नगरपालिका निर्माणका लागी आवश्यकताको आधारमा भौतिक पुर्वाधारहरुको विकास हुनेछ ।
- मानव अधिकारको संरक्षण तथा सामाजिक न्यायको प्रबर्द्धन गर्दै शिक्षा, स्वास्थ्य,रोजगारी र सामाजिक सुरक्षामा नागरिकको सहज पहुँच स्थापित गरी दक्ष जनशक्ति उत्पादन गर्ने र उनीहरुलाई प्रभावकारी रुपमा परिचालन हुनेछन् ।
- जलवायु परिवर्तनले सृजित प्रभाव तथा असरहरुसँग जुध्नका लागि जलवायू अनुकुलन, न्यूनिकरण र समानुकुलनका
  योजनाहरु कार्यान्वयन मार्फत जलवायू मैत्री नगरपालिका निर्माण हुनेछ ।
- भ्रष्टाचार नियन्त्रण, जनमुखी प्रशासन र सुशासनयूक्त नगरपालिका निर्माणमा सघाउ पुग्नेछ ।
- ज्येष्ठ नागरीक, महिला, बालबालिका, शारिरीक अशक्त, दलित आदि वर्ग र क्षेत्रहरुलाई प्राथमिकतामा राखी लक्षित कार्यक्रमहरु संचालन मार्फत सामाजिक संरक्षणमा टेवा पुग्नेछ ।
- विभिन्न गुरुयोजनाहरु (खानेपानी, सडक, सिंचाई, विद्युत, सरसफाई, आवधिक योजना) निर्माण गरी कार्यान्वय हुनेछन् ।

**सभाध्यक्ष महोदय**

म अब यस नगरसभामा आर्थिक वर्ष २०७६।०७७ को बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४
- पन्ध्रौ पञ्चवर्षिय योजना,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका परिपत्रहरु,
- संघीय सरकारका नीति, कार्यक्रम तथा बजेट वक्तव्य,
- प्रदेश सरकारका नीति, कार्यक्रम तथा वजेट वक्तव्य,
- छेडागाड नगरपालिकाको आर्थिक ऐन, २०७६
- वस्ती तथा टोलस्तरीय भेला, वडा समिति हुदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्धारा आएका आयोजना तथा कार्यक्रमहरु ।
- छेडागाड नगरपालिकाको क्षेत्रमा विद्यमान विकास सम्बन्धी अवसर तथा चुनौती र वस्तु स्थितिको अवस्थाको विश्लेषण ।

## आ.व. २०७६।०७७ को बजेटका मुख्य कार्यक्रमहरु :

### आर्थिक विकासः

नगरपालिकालाई कृषि उत्पादनमा क्रमशः आत्मनिर्भर बनाई गरिवी तथा भोकमरी उन्मूलन गर्न आय र रोजगारी बढाउन, कृषिको आधुनीकिकरण, विविधिकरण, व्यवसायिकरण मार्फत कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नकिसान संग मेयर कार्यक्रम संचालन गरिनेछ, जसको लागि रु ४००००० अक्षरुपी चालीस लाख रुपैया विनियोजन गरेको छु । पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि नगर गौरवको रुपमा रहेको सुयाडा मालिका मन्दिर निर्माणका लागि रु २५००००० अक्षरुपी पच्चीस लाख रुपैया विनियोजन गरेको छु । छेडागाड नगरपालिकामा रहेका व्यापार व्यावसायहरुलाइ नियमन र व्यवस्थित गर्न दर्ता प्रक्रीयामा ल्याइने छ, यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

### सामाजिक विकास : मानविय मर्यादा प्रवर्द्धनको आधार

एकातिर आधारभुत तथा माध्यामिक तह सम्मको शिक्षा व्यवस्थापन गर्ने जम्मेवारी संविधानले स्थानीय तहलाइ सुम्पेको छ भने अर्कोतिर विद्यालयहरुमा शिक्षक दरबन्दी अभाव भइ गुणस्तरीय प्रतिस्पर्धी नागरिक निर्माण गर्न अप्ठयारो पर्न गएको छ । यस्तै खालको समस्या हल गर्न मा वि तथा नि मा वि हरु मा विद्यार्थी र शिक्षक को अनुपातको आधारमा अनुदानको व्यवस्था गरेको छु । जसको लागि रु १२०००००० अक्षरुपी एक करोड बीस लाख विनियोजन गरेको छु । साथै विद्यालयको भौतिक पुर्वाधार विकास गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

स्वस्थ र स्फुर्त नागरिक तयारी गर्न बच्चालाइ गर्भ अवस्थामा नै पोषण आवश्यक पर्छ, यसका लागि गर्भ जाँच गर्ने महिलाहरुलाइ हरेक पटक एक क्यारेट अण्डा वितरण गरी गर्भ अवस्था देखि नै बच्चाको पोषणको हक सुनिश्चित गर्न बहु क्षेत्रीय पोषण कार्यक्रमसंग साझेदारी हुने गरी रु २०००००० अक्षरुपी बीस लाख रुपैया विनियोजन गरेको छु ।

नगरस्तरीय सरसफाइ कार्यक्रम संचालन गरी स्वच्छ र सफा नगर बनाउन रु ५००००० अक्षरुपी पाचँ लाख विनियोजन गरेको छु । साथै शुद्ध खानेपानी सबै नागरिकलाइ सुनिश्चित गर्न पातलपानी चाल्नेमालिका, पुल्ला मेडुका लगायतका वृहत खानेपानी योजना संचालन गर्न रु ९०००००० अक्षरुपी नब्बे लाख रुपैया विनियोजन गरेको छु ।

### विकासको उद्भव भौतिक पूर्वाधार प्रतिष्पर्धा तथा सभ्यताको आधार

यसै आ व मा सबै वडा केन्द्रहरुमा सडक बाटोको पहुँच सुनिश्चित गर्न पजारु टीकाचौर सडक निर्माणको लागि रु ७०००००० अक्षरुपी सत्तरी लाख रुपैया विनियोजन गरेको छु । वडा नं ८ को वडा केन्द्र सम्म बाटो पुर्‍याउन रु २४००००० अक्षरुपी चौबीस लाख रुपैया विनियोजन गरेको छु । वडा कार्यालय निर्माणका लागि आधार प्रदान गरिनेछ । जसका लागि रु २०००००० अक्षरुपी बीस लाख रुपैया विनियोजन गरेको छु । पुर्वाधार विकासका कार्यक्रमहरु संघ तथा प्रदेश सरकारको साझेदारीमा संचालन गरी विकासका आवश्यकता पुर्ति गर्न समपुरक कोषको रुपमा रु १५०००००० अक्षरुपी एक करोड पचास लाख विनियोजन गरेको छु ।

### वातावरणीय विकास र दिगो विकासः विपद व्यवस्थापनको पूर्वाधार :

दिगो विकासको अवधारणा बमोजिम यस नगरपालिकालाई पनि हरियो शहर नगरपालिकाको रुपमा विकास गर्न आगामी आ.व. भित्र नगरपालिकाका केही वडाहरुलाई बातावरण मैत्री वडा घोषणाको प्रक्रीया आगामी

आ व बाट सुरुवात गर्ने कुरालाइ बजेटले प्राथमिकतामा राखेको छु । साथै विभिन्न पर्व तथा दिवस र अवसरहरुमा पनि बृक्षारोपणलाई प्राथमिकतामा राख्ने आवश्यक निती अवलम्वान गरेको छु । नगरपालिका क्षेत्रभित्र घना बस्ती र बजारीकरण भएको स्थानमा एकवटा ल्याण्ड फिल्ड साईट निर्माणको व्यवस्था गर्नको लागि क्षेत्र पहिचानको लागि सम्बन्धित शाखा मार्फत आवश्यक बजेट व्यवस्था गरेको छु । विपदमा परेकाहरुको लागि आपतकालिन राहत कोषको स्थापना गरी सोही बमोजिम राहत उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**सबल सरकार : संरक्षित जनता**

छिटो छरितो सेवा प्रवाहको लागि भ्रष्टाचार मुक्त एवं सुशासन युक्त प्रशासन हुनु आवश्यक छ । तब मात्र नागरिक मैत्री प्रशासन हुनेछ । जसको लागि दण्ड र पुरस्कारको व्यवस्था हुनु पर्दछ । हामीले प्रयोग गर्दै आएको अभिलेख प्रणालीलाई बैज्ञानिक बनाउनको लागि विद्युतिय सरकारको अवधारणा लागु गर्नुपर्दछ । कुनै पनि योजना तर्जुमाको पहिलो आधार भनेको तथ्यांक हो । जसको लागि प्रत्येक वडाको बस्तुगत विवरण (PROFILE)निर्माण साथै प्रत्येक वडाको विपन्नता स्तरीकरण (DAG MAPING) गर्ननको लागि आवश्यक बजेट विनियोजन गरेको छु । नगरको पहिचान गराउने विभिन्न खालका राष्ट्रिय अभियानहरु ( जस्तै : पूर्ण सरसफाई नगरपालिका, पूर्ण साक्षर नगरपालिका, पूर्ण खोपयुक्त नगरपालिका, बालमैत्री स्थानीय शासन नगरपालिका, बातावरण मैत्री नगरपालिका, जातिय भेदभाव र छुवाछुत मुक्त नगरपालिका, घरभित्रको धुँवामुक्त नगरपालिका आदि) संचालन गरी नगरपालिकाको पहिचान स्थापित गर्न आवश्यक निती अवलम्वन गरेको छु ।

**युवा तथा खेलकुद**

- स्वच्छ जीवनको लागि खेलकुद भन्ने मान्यतालाई मध्यनजर गरि नियमित रुपमा स्थानीय स्तरमा खेलकुदका बिभिन्न कार्यक्रमहरु समावेश गरी नगर स्तरीय खेलकुद आयोजना गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

**(घ) महिला तथा बालबालिका तर्फ :**

- **"मानव सभ्यताको सम्मानः छुवाछूत र सामाजिक कुरीति बिरुद्धको अभियान "** भन्ने नाराका साथ सामाजिक सचेतनाका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- महिला, दलित, शारीरिक अशक्त, जेष्ठ नागरिक र वालमैत्री कार्यक्रमहरु संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- बालवालिकाहरुको असल एवम सुरक्षित अभिभावक्त्व सुनिश्चित गर्न अन्तरराष्ट्रिय बाल विकास कार्यक्रम ICDP कार्यक्रम संचालन गर्न रु २६००००० अक्षरुपी छब्बीस लाख विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय**

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

- आवश्यकता अनुसार कर्मचारीहरुको बृति विकासको लागि बिभिन्न कार्यक्रमहरु वनाई कार्यन्वयन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- छेडागाड नगरपालिकाका विभिन्न शाखाहरुमा काम गर्ने प्राविधिक कर्मचारीहरु, अप्राविधिक कर्मचारीहरुलाई कामको आधारमा प्रोत्साहन भत्ता, अन्य सेवा सुविधा पनि बृद्धि गर्नका लागि आवश्यक बजेट विनियोजन

गरेको छु । साथै क्षमता विकासका लागि विभिन्न किसिमका क्षमता अभिबृद्धि हुने खालका कार्यक्रमहरु संचालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

यस छेडागाड नगरपालिकाको आ.व. २०७६।०७७ को लागि नगरपालिकाबाट छनौट भएका मर्मत संभार कोष, समपुरक कोष, किसानसँग मेयर कार्यक्रम, आँखा उपचार केन्द्र, पोषण कार्यक्रम, नगर स्तरीय सरसफाई कार्यक्रम, नगर स्तरीय खेलकुद प्रतियोगिता, विद्यालय सुधार कार्यक्रम लगायत विभिन्न सडक, खानेपानी, विद्यालय भवन, सिंचाई योजनाहरु नगर गौरवका रुपमा घोषणा गरी जम्मा रु. ८ करोड ४५ लाख रुपैया विनियोजन गरेको छु त्यसैगरी यस छेडागाड नगरपालिकाका १३ वटा वडाहरुमा क्षेत्रफल, जनसंख्या, नगरपालिकाको केन्द्र देखिको भौगोलिक दुरी, राजस्व क्षमता र संकलन, पूर्वाधार विकासको अवस्था, भारित लागत, गरिवी तथा मानव विकास सुचकाँकको आधारमा वडाबाटै योजना छनौट गरी कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमको रकम विनियोजन गरेको छु ।

**तपसिल :**

| वडा नं. | अक्षरमा | अंकमा |
|---|---|---|
| १ | ३२ लाख ९४ हजार ६ सय ६३ रुपैया २७ पैसा | ३२,९४,६६३।२७ |
| २ | ३० लाख ८६ हजार ६ सय ७३ रुपैया ४ पैसा | ३०,८६,६७३।०४ |
| ३ | ३५ लाख ८३ हजार ८ सय २५ रुपैया ४४ पैसा | ३५,८३,८२५।४४ |
| ४ | २४ लाख ६ हजार ५ सय ९२ रुपैया ३ पैसा | २४,०६,५९२।०३ |
| ५ | २५ लाख ९४ हजार ६ सय ४१ रुपैया ३१ पैसा | २५,९४,६४१।३१ |
| ६ | २९ लाख ८१ हजार ७ सय ३३ रुपैया १० पैसा | २९,८१,७३३।१० |
| ७ | १८ लाख ८३ हजार ८ सय ८८ रुपैया ९९ पैसा | १८,८३,८८८।९९ |
| ८ | ३१ लाख २६ हजार ९सय ३ रुपैया ८५ पैसा | ३१,२६,९०३।८५ |
| ९ | २६ लाख ७६ हजार २ सय ४९ रुपैया ५१ पैसा | २६,७६,२४९।५१ |
| १० | ३६ लाख ९७ हजार ८ सय ७ रुपैया ८१ पैसा | ३६,९७,८०७।८१ |
| ११ | २७ लाख ५५ हजार ८ सय ७२ रुपैया ६१ पैसा | २७,५५,८७२।६१ |
| १२ | ३४ लाख ५६ हजार ३ सय ४९ रुपैया ५० पैसा | ३४,५६,३४९।५० |
| १३ | २९ लाख २० हजार २ सय १२ रुपैया ५५ पैसा | २९,२०,२१२।५५ |
| जम्माः | ४ करोड रुपैया मात्र | ४,००,००,०००। |

**आ.व. ०७६।०७७ को लागि प्राप्त आयको विवरण प्रस्तुत गर्ने अनुमती चाहन्छु ।**

| शिर्षक नं. | विनियोजित वजेट रू | कार्यक्रम बजेट |
|---|---|---|
| सशर्त अनुदान तर्फ | २२४८००००० | |
| संघीय सरकारको राजस्व बाडफाडबाट प्राप्त | ११०२००००० | |
| संघीय सरकारको वित्तिय समानीकरण | ११६६००००० | |
| प्रदेश सरकारवाट प्राप्त वित्तिय समानीकरण | १०५८०००० | |
| प्रदेश सरकार वाट प्राप्त राजस्व बांडफांड | १०२६००० | |

| | | |
|---|---|---|
| चालु आ.व. ०७५। ०७६ नगद मौज्दात अल्या रकम | ४००००००० | |
| आन्तरिक आय पूंजिगत तर्फ | ० | |
| आन्तरिक आय चालू तर्फ | ४७०९००० | |
| जम्मा | ५०,७९,१५००० | |
| | | |
| ( क) पूंजिगत खर्च | १४,२१,८०,००० | |
| ( ख ) चालु खर्च ( राजस्व बांड फांड ) | १४,०९,३५,००० | |
| सशर्त अनुदान तर्फ | २२४८००००० | |
| जम्मा : | ५०,७९,१५००० | |

**अक्षरुपी:पचास करोड उनासी लाख पन्ध्र हजार मात्र ।**

**सभाअध्यक्ष तथा माननीय प्रदेशसभा सदस्यज्यू,**

कुनै पनि योजनाको दस्तावेज तयार गर्नु आफैमा महत्वपूर्ण र कठिन कार्य हो । विगतमा गरिने योजना तर्जुमा भन्दा फरक ढंगले गरेको यस पटकको योजना तर्जुमाका विभिन्न चरणबाट प्राप्त प्राथमिकतामा परेका योजनाहरु हामीले छनौट गरेका छौ । विभिन्न विषयगत निकायहरु र दातृ निकायहरुबाट कार्यान्वयन गरिने योजनाहरुलाई पनि हामीले वार्षिक योजना पुस्तिकामा समावेश गरिने कुरा अनुरोध गर्न चाहन्छु । तर्जुमा भएको यो छेडागाड नगरपालिकाको वार्षिक योजनाको कार्यान्वयन अझ चुनौतीपूर्ण हुने महसुस गरेको छु । सम्बद्ध सबै पक्षको सार्थक सहयोगबाट तयार भएको यो पुस्तिकाको सफल कार्यान्वयनमा समेत यहाँहरुको महत्वपूर्ण भूमिका रहने विश्वास लिएको छु । यस अवसरमा छेडागाड नगरपालिकाको समग्र विकासको सन्दर्भमा प्रभावकारी भूमिका खेल्ने राजनीतिक दल, विषयगत निकायहरु, विभिन्न दातृ निकायहरु लगायत सम्पूर्ण प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत यथोचित सहयोग र सद्भावको अपेक्षा गरेको छु ।

**अन्तमा,**

हाम्रो आमन्त्रणालाई हार्दिकतापूर्वक स्वीकार गरी हामीलाई हौसला, मार्गनिर्देश एवं उर्जा प्रदान गर्न पाल्नु हुने यस सभामा उपस्थित माननीय  प्रदेश सभा सदस्य श्री कौशिलावती खत्री शाहीज्यू र अन्य अतिथि महानुभावहरु लगायत योजना तर्जुमाको प्रारम्भिक चरण देखि बजेट सार्वजनिक गर्दा सम्मका हरेक क्रियाकलापमा प्रत्यक्ष वा परोक्ष संलग्न रही सहयोग पुर्‍याउनु हुने नगरपालिकाका सम्पूर्ण वडाका वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य, वडा सदस्य, पत्रकार मित्रहरु, नागरीक समाज लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरी नगर सभा तयारीको प्रारम्भिक चरण देखि अहोरात्र खट्ने राष्ट्रसेवक कर्मचारी हरुलाई धन्यवाद दिन चाहन्छु । नगरपालिकाले लिएको लक्ष्य प्राप्त गर्न स्वीकृत कार्यक्रम तथा बजेट समय मै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तीका लागि यहाँहरु सहित सम्पूर्ण नगरपालिका बासीहरुको समान सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वासका लिएको छु ।

**धन्यवाद ।**

उप-प्रमुख

श्री सरिता वली